प्रहरी प्रधान कार्यालय

केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं

"दण्डहिनता विरुद्ध CIB को अभियान"

**बिषयः-** प्रेस विज्ञप्ती

मिति २०७६/०९/१६ गते।

**" दम्पत्तीको बिभत्स हत्याका अभियुक्त पक्राऊ "**

**घटना विवरण :**

मिति २०७६/०७/१९ राती अन्दाजी १:०० बजेको समयमा जिल्ला काभ्रेपलाञ्चोक नमोबुद्ध न. पा. वडा नं. ८ दाप्चा तल्लो हटिया स्थित आफ्नै घरमा किराना पसल संचालन गरी बस्ने बर्ष ५५ को श्याम कृष्ण श्रेष्ठ र निजको श्रीमती बर्ष ५० की रुकु माया श्रेष्ठलाई घाँटी टाउको तथा शरिरको बिभिन्न भागमा धारिलो हतियार (खुर्पा र बियरको बोतल) प्रहार गरी श्याम कृष्ण श्रेष्ठलाई जुटको डोरिले समेत बाँधी बिभत्स तरिकाले हत्या गरेको घटना सम्बन्धमा अनुसनधान गर्न तोकिएका पिलर – १ को प्र.ना.उ. समेतको टोलीबाट स्थलगत अध्ययन, सूचना परिचालन एवं तथ्य विश्लेषण समेतको आधारमा घटनामा संलग्न निम्म अभियूक्तहरुको पहिचान तथा मिति २०७६/०९/१५ गते पक्राऊ गरी घटनामा प्रयोग भएको हतियार ( खुर्पा र बोतल ), घटना पश्चात लुटिएको सामान र अन्य दशी प्रमाण समेत बरामद तथा सनाखत गरी पक्राऊ अभियूक्त र बरामद दशी प्रमाण सहित आवश्यक कारवाहीको लागी जि.प्र.का. काभ्रेलाई बुझाईएको।

**पक्राऊ अभियूक्तको विवरण:**

१. **नाम** : किरण कुमार मगर

**उमेर** : वर्ष २०

**ठेगाना** : जिल्ला उदयपुर चौदण्डिगढी न.पा. १० स्थाई वतन भई जि.सिन्धुली दुधौली न.पा. ७ घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. २५ भैसेपाटी

**पेशा** : मजदुरी

**शै. यो.** : ४ पास

**पक्राऊ मिति** : २०७६/०९/१५ गते।

**पक्राऊ स्थान** : जिल्ला ललितपुर, ललितपुर म.न.पा. २५ भैसेपाटी



२. **नाम** : सुमन राई

**उमेर** : वर्ष २४

**ठेगाना** : जिल्ला उदयपुर चौदण्डिगढी न.पा. १० स्थाई वतन भई हाल का.जि.का.म.न.पा. ७ चावहिल

**पेशा** : मजदुरी

**शै. यो.** : ४ पास

**पक्राउ मिति** : २०७६/०९/१५ गते।

**पक्राउ स्थान** : जिल्ला काठमाण्डौं का.म.न.पा. ७ सरस्वतीनगर चावाहील



**हत्या गर्नु पर्ने कारण:**

मृतकसँग पुरानो पैसा र नगद हुन सक्छ भनी सो डाँका गर्ने उदेश्यले बास बस्ने बाहानामा बसी हत्या तथा लुटपाट गरेको।

**प्रहरी उपरीक्षक**

**(वेल बहादुर पाण्डे)**

**प्रवक्ता**

**सम्पर्क नंबर:- ९८५१२९१३११**